आज मिति २०८२ साल असार महिनाको २१ गतेका दिनको १:०० बजे भिमरुक गाउँ कार्यपालिकाको आ.व.२०८१/८२ को सोह्रौं बैठक भिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | भिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | भिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | धुवराज खनाल | भिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | भिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मिनबहादुर खत्री | भिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | भिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | भिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | भिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | भिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर बस्नेत | भिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | भिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | भिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | भिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | भिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर बि.क | भिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | भिमरुक गाउँ कार्यपालिका सदस्य |
| | विकास के.सी. | प्रमुख प्रशासकीय अधिकृत |
| | हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (अधिकृत छैठौं) |
| | अरविन्द महत | सहायक लेखा अधिकृत |
| | यामलाल पोखेल | स.प्र अधिकृत |
| | दामोदर उपाध्या | का.स. |

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८२/३/६ गते बसेको पन्धौं बैठकबाट आ.व. २०८२/८३ को लागि नीति तथा कार्यक्रम, विनियोजन विधेयक, आर्थिक विधेयक, वजेट तथा कार्यक्रम (वार्षिक वजेट) स्वीकृत गरी १८ औं गाउँ सभा बैठकमा पेस भई सभाबाट पारित भएको, गाउँ सभाका समितिहरु प्रस्ताव गरी सभामा पेस गरिएकोमा पारित भएको, सभामा पेस गर्ने कार्य सूचीहरु तय गरिए अनुसार सभामा पेस भई कार्य सूची वमोजिम १८ गाउँ सभा बैठक सम्पन्न भएको, महिलाहरुको पाठेघर आड खस्ने समस्याको प्युठान अस्पतालमा शल्यक्रिया हुँदा भएको खर्च व्यवस्थापन खर्च भुक्तानीको लागि स्रोतको सुनिश्चितता गरिएकोमा भुक्तानीको प्रक्रियमा रहेको, मच्छी वतासेडाँडा सडक स्तरउन्नतीको काम गर्दा विभिन्न सिंचाई कुलोहरु क्षेति भएकोमा मर्मत कार्यको लागि स्रोतको सुर्निश्चित गरिएकोमा कार्यान्वयनको प्रक्रिया अगाडि वढेको, पोषण कार्यक्रमको अनुदान वितरणको लागि बस्ती छनोट गरी रकम व्रेक डाउन गरिएकोमा उक्त कार्यक्रम सम्पन्न भएको, विभिन्न संघ संस्थाहरुको आ.व. २०८२/८३ का कार्यक्रमहरु सभाबाट स्वीकृतको लागि पेस गर्ने निर्णय गरिएकोमा सभाबाट पारित भएको, गत विगत आ.व.हरुमा म.ले.प.ले औंल्याएका बेरुजुहरु फछ्यौंटको लागि सार्वजनिक लेखा समितिबाट दफावार छलफल गराई गाउँ सभामा पेस गरिएकोमा सभाबाट फछ्यौट गरिएको, मच्छी वतासेडाँडा सडक स्तरउन्नती कार्यको भेरियसन अर्डरको लागि सभामा पेस गर्ने निर्णय अनुसार सभामा पेस भई पारित भएको, भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित रुपमा वसोवास गरेका व्यक्तिहरुको पु:न लगत संकलन सम्बन्धी ३५ दिने सूचना अनुसार वडा कार्यालयहरुमा जानकारी गराईएको, स्थानीय पाठ्यपुस्तक निर्माण कार्यदलको विभिन्न बैठकहरुमा भएको खर्च व्यवस्थापनको लागि रकम अपुग भई स्रोतको सुनिश्चितता गरिएकोमा खर्च भुक्तानीको प्रक्रियामा रहेका, शिक्षा तर्फको पुरस्कार वितरण सम्वन्धी निर्णय अनुसार शैक्षिक सत्र, २०८० को पुरस्कार वितरण कार्य सम्पन्न गरिएको लगायतका विषयमा समिक्षा गरियो।

**प्रस्ताव नं. २ सार्वजनिक सुनुवाई सम्वन्धमा।**

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको कार्यालयबाट आ.व. २०८१/८२ मा भए गरेका योजना तथा विकास निर्माणका कार्यहरु, सेवाप्रवाह लगायतको विषयमा सार्वजनिक सुनुवाई गर्नुपर्ने भएको हुँदा मिति २०८२/३/२४ गते दिनको ११:०० बजे सभाहलमा सार्वजनिक सुनुबाई गर्ने सर्व सम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ३ चालु आ.व.को आयोजनाहरुको अवस्था सम्बन्धमा।**

**निर्णय नं. ३**

प्रस्ताव नं ३ माथि व्यापक छलफल गर्दा आ.व. २०८१/८२ को लागि झिमरुक गाउँपालिकाबाट कार्यन्वयन हुने गरी संघ,प्रदेश र पालिकाबाट रकम विनियोजन भई कार्यान्वयनमा रहेका कतिपय आयोजनाहरुको फरफारक र भुक्तानीको लागि फाईल पेस हुन ढिलाई भएका कारण भुक्तानी कार्यमा समस्या हुने देखिएकोले यथासिघ्र फाईलहरु पेस गरी फरफारक तथा रकम भुक्तानीको प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ४ विभिन्न कार्यको लागि बजेट स्रोतको सुनिश्चितता सम्बन्धमा।**

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा झिमरुक गाउँपालिका अन्तर्गत रहेका तपसिल वमोजिमका शीर्षकहरुमा बजेट रकम अपुग भई खर्च भुक्तानी कार्यमा समस्या भएको हुँदा तपसिल वमोजिमका शीर्षकबाट रकमान्तर तथा स्रोतको सुर्निश्चित गरी खर्च भुक्तानी कार्य अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| क.स | रकमान्तर गर्नु पर्ने शीर्षकहरुको नाम | ठेगाना | बजेट रकम | शीर्षकको नाम |
|---|---|---|---|---|
| १ | सोलर बत्ती मर्मत | भिमरुक गा.पा.मच्छी, र ढाड बजार | ३,००,०००। | पारीश्रमिक कर्मचारी |
| २ | कर्मचारीको बैठक भत्ता | भिमरुक गा.पा | ४,००,०००। | पारीश्रमिक पदाधिकारी |
| ३ | आर्थिक सहायता | भिमरुक गा.पा | १,५०,०००। | पारीश्रमिक पदाधिकारी |
| ४ | सवारी साधनको विमा नवीकरण | भिमरुक गा.पा | ३३,०००। | पारीश्रमिक कर्मचारी |
| ५ | प्रसुति सेवा लिन जाँदा लाग्ने यातायात रकम | भिमरुक गा.पा | ३०,०००। | पारीश्रमिक पदाधिकारी |

**प्रस्ताव नं. ५ बेरुजु फछ्यौटको लागि प्रक्रिया अगाडि वढाउने सम्बन्धमा।**
**निर्णय नं. ५**
प्रस्ताव नं ५ माथि व्यापक छलफल गर्दा यस भिमरुक गाउँपालिकाको आ.व. २०७४/७५ देखि आ.व. २०८०/८१ सम्म महालेखा परीक्षकबाट अन्तिम लेखा परीक्षण हुँदा औल्याएका बेरुजुहरु नियमित तथा फछ्यौंट सम्बन्धी भिमरुक गाउँपालिकाको सार्वजनिक लेखा समितिबाट दफावार छलफल गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८९ वमोजिम नियमित तथा फछ्यौंट गरी सभावाट बेरुजुका ११ वटा दफा सहितको प्रतिवेदन १८ औं गाउँसभा बैठकबाट पारित भएकोले सम्परीक्षण गरी दिन महालेखा परीक्षकको कार्यालय,अनामनगर काठमाडौंलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ६ आर्थिक सहायता सम्वन्धमा।**
**निर्णय नं. ६**
प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिल बमोजिमका व्यक्तिहरुले आर्थिक सहयोग मागको लागि पेस गरेको निवेदनको विषयमा व्यापक छलफल गरी तपसिलमा उल्लिखित शीर्षकबाट आर्थिक सहयोग रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| क्र.स | आर्थिक सहयोग माग गर्ने व्यक्तिको नाम ठेगाना | आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १ | भिमरुक-३,आहालखोला निबासी निवासी हरि वहादुर थापाको आर्थिक सहयोग सम्बन्धी निवेदन अनुसार | जन्मजात हेमोफिलिया रोगको समस्या भएको र नियमित औषधी उपचारको लागि आर्थिक सहायता | ४०,०००। | आर्थिक सहायता |

**७. विविध सम्वन्धमा।**
**विविध (क) दिर्घ रोगीहरुको औषधी उपचार खर्च रकम सम्वन्धमा।**
**निर्णय नं. ७ ( क )**
प्रस्ताव नं ७ (क)मांथि छलफल गर्दा भिमरुक गाउँपालिका क्षेत्रभित्र स्थायी वसोवास गर्ने मृगौला प्रत्यारोपण गरेका, डाईलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार खर्च वापत मासिक रु ५ हजारका दरले उपलब्ध गराउने रकम संघीय सरकारबाट निकासा हुन ढिलाई भएको कारण दिर्घ रोगीहरुलाई औषधी उपचार खर्च वापतको मासिक रु ५ हजार उपलब्ध गराउन समस्या भएको हुँदा निकासा भए पश्चात सोध भर्ना गर्ने गरी करार सेवा पारिश्रमिक कर्मचारी शीर्षकमा बचत हुने रकमबाट रु ३,७०,०००। रकमान्तर गरी दिर्घ रोगीहरुको औषधी उपचार खर्च रकम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

CamScanner

**विविध (ख) गत आ.व.मा ठेक्काबाट सञ्चालित आयोजनाको रकम भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं. ७ ( ख )**

प्रस्ताव नं. ७ (ख) माथि छलफल गर्दा आ.व. २०८०/८१ मा ठेक्का प्रक्रियाबाट कार्य सञ्चालन भएका तपसिलमा उल्लिखित आयोजनाहरु समयमा नै कार्य सम्पन्न हुन नसकी झिमरुक गाउँपालिकाको मिति २०८१/३/२६ गतेको निर्णयले म्याद थप भएको र सम्बन्धित आयोजनाका निर्माण व्यवसायीहरुले कार्य सम्पन्न गरी रकम भुक्तानी गरी पाउँ भनी निवेदन पेस गरेकोमा झिमरुक गाउँपालिका को आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रममा समावेश भएको बाग्दुला मच्छी सडक स्तरउन्नती शीर्षकमा विनियोजन भएको रकमबाट रु ३,८४,०००। रकम रकमान्तर गरी प्राविधिक कार्यसम्पन्न प्रतिवेदन अनुसारको रकम सम्बन्धित निर्माण व्यवसायीहरुलाई भुक्तानीको लागि तपसिल बमोजिमको योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गरी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | आयोजनाहरुको नाम र ठेगाना | ठेक्का नं. | ठेक्का रकम भ्याट सहित | विनियोजित रकम |
|---|---|---|---|---|
| १. | ढाड तुषारा कुता मोटरबाटो स्तरउन्नती (दोस्रो चरण) | IFB NO/JRM/NCB/WORKS/07/2080/80 | २५,१६,८२९।२६ | १,८१,०००। |
| २. | झिमरुक गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुमा पूर्वाधार तथा जनशक्ति निर्माण | IFB NO/JRM/NCB/WORKS/08/2080/80 | ३९,०८,६८३।५५ | ९३,०००। |
| ३ | स्याउलीघारी -टिमुरचौर-दिहाल्ना मोटरबाटो स्तरउन्नती झिमरुक-८ र ७ (दोस्रो चरण) | IFB NO/JRM/NCB/WORKS/062080/80 | १२,५५,७९०। | १,१०,०००। |

**विविध (ग) मोटरसाईकल मर्मत सम्वन्धमा ।**

**निर्णय नं. ७ ( ग )**

प्रस्ताव नं. ७ (ग) माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. १ का प्राविधिक श्री प्रकाश जि.सी. ले प्रयोग गर्दै आएको रा.१.ब ३४९ नं.को मोटरसाईकल तत्काल मर्मत गर्नु पर्ने भएको हुँदा वढिमा रु २०,०००। को बजेट सीमामा रही मर्मत कार्य अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

CamScanner